मादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा,कास्की गण्डकी प्रदेश, नेपाल

माादी गाउँपालिका

पत्र संख्या: २०७९।०८०

च नः

मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की गण्डकी प्रदेश, नेपाल

## औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

बोलपत्र नं. ( ०१ - ०७९/८० )

**प्रथम पटक प्रकाशित २०७९।०५।२२ गते**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ ब २०७९।०८० का लागि अत्यावश्यक औषधी सामग्री खरिद गरी नि:शुल्क वितरण प्रयोजनका लागि सिलबन्दी दरभाउपत्रका माध्यमवाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही दरभाउपत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१) यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु १०००। (एक हजार) तिरी (पछि फिर्ता नहुने गरी) यस मादी गाउँपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व.२०७९/८० सम्मको लागि नवीकरण गरिएको औषधी व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र यस मादी गाउँ कार्यपालिकाको कार्यालयमा दरभाउपत्र दर्ता गराइसक्नु पर्नेछ । म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १४.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस मादी गाउँपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४) दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५) दरभाउपत्र पेश गर्दा खामको बाहिर मादी गाउँपालिकालाई सम्बोधन गरी दरभाउपत्र नं. र कामको विवरण खुलाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

६) दरभाउपत्रमा औषधी सामग्रीहरु खरिदका लागि BOQ संलग्न हुनेछ ।

७) दरभाउपत्रदाताले धरौटी बापत रु. १,१९,०००।- (अक्षरुपी रु **एकलाख उन्नाईस** हजार रुपैया मात्र ) मादी गाउँपालिका कास्कीको माछापुच्छ्रे बैंकमा रहेको धरौटी खाता नं. ८३०१५२४५१४७२९०४८ मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा ९० दिन (दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन बाट) म्याद कायम रहेको वाणिज्य बैंक (क श्रेणी) बाट यस मादी गाउँपालिकाको नाउंमा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा कुल कवोल अंक (मु.अ.कर रहित) को ५ (पाँच) प्रतिशत सम्मले नपुग हुने थप धरौटी बापतको रकम

मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की गण्डकी प्रदेश, नेपाल

माथि उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधि भन्दा घटीमा ३० दिन बढी म्याद कायम रहेको वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ। नगद जमानत राखेकोमा पछि बैंक जमानतमा परिणत गर्न पाइने छैन।

८) दरभाउपत्र दाताले आफूले कवोल गरेको प्रत्येक आइटमहरुको मु.अ. कर सहितको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९) दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप गरेको हुनुपर्नेछ। दरभाउपत्र फारामको फोटोकपी गरी पेश गरेको, यस गाउँपालिकाको कार्यालयबाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाउँमा बिक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको, दररेट अंक र अक्षर दुवैमा नलेखिएको वा फर्मको तर्फवाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन। साथै म्याद नाघी वा रीत नपुगी पेस गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०) विल अफ क्वान्टिटीजमा (BOQ) उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा नै उपलब्ध गराउनु पर्नेछ।

११) आपूर्तिकर्ताले WHO/GMP प्राप्त कम्पनीहरुवाट उत्पादित औषधीहरु मात्र आपूर्ति गर्नु पर्नेछ

१२) आपूर्तिकर्ताले आपूर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम उल्लेख गर्नु पर्नेछ।

१३) दरभाउपत्र अनुसार कवोल गरी पेश गरिएको दरभाउपत्र मुल्यांकनलाई ग्राह्य हुनेछ।

१४) आपूर्ति गरिने औषधीको मान्य अवधि मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीमा १८ महिना बाँकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनु पर्नेछ।

१५) आपूर्ति हुने औषधीहरुको स्ट्रीप र बोतलको प्रत्येक प्याकिङ्ग बाहिर उत्पादन मिति, Expiry Date तथा Batch No. र नेपाल सरकारको नि:शुल्क बितरणका लागि भनी उल्लेख भएको हुनु पर्नेछ।

१६) मादी गाउँपालिकाको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मादी गाउँपालिकामा सुरक्षित रहनेछ।

१७) कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्ने छैन।

१८) दरभाउपत्र स्वीकृत भई यस मादी गाउँपालिकाले तोकेको अवधि भित्र एकै पटक औषधी उपलब्ध गराउनु पर्नेछ। आपूर्ति गरिने औषधीहरुको केही अश वा सम्पूर्ण औषधी बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कारवाही हुनेछ।

१९) यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।